मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोन न. 033-520605
Mob. 9852880501

# कृषि ज्ञान केन्द्र

## सिरहा

प.सं.२०८१/८२
च.नं.

**मुल्य श्रृंखलामा आधारित व्यवसायिक फलफूल खेती प्रवर्द्धन कार्यक्रम, माँगमा आधारित कृषि फार्महरु पुनरर्थापना तथा सुधार कार्यक्रम र एक जिल्ला एक प्राङ्गारिक मल उत्पादन कार्यक्रम संचालनका लागि प्रस्ताव आवह्यनको सूचना ।**

प्रथम पटक प्रकाशन मितिः- २०८१।०८।१९ गते

यस कृषि ज्ञान केन्द्र सिरहाको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मुल्य श्रृंखलामा आधारित व्यवसायिक फलफूल खेती प्रवर्द्धन कार्यक्रम, माँगमा आधारित कृषि फार्महरु पुनरर्थापना तथा सुधार कार्यक्रम र एक जिल्ला एक प्राङ्गारिक मल उत्पादन कार्यक्रम संचालनका लागि कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८१ ले तोके बमोजिमका शर्तहरुको अधिनमा रही इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फार्म संस्थाहरुले माग गरिएको कागजातहरु सहित प्रथम पटक प्रकाशित मितिले २१ औं दिन भित्र (मिति २०८१/०९/१९ गते सम्म) कार्यालय समय भित्र तोकिएको ढाँचामा तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित्त नपुगेका र म्याद नाधी प्राप्त हुन आएका आवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । आवेदनको ढाँचा यस कार्यालयको वेवसाईट www.akcsiraha.p2.gov.np बाट प्राप्त गर्न सकिन्छ ।

<u>कार्यक्रम संचालनका मादण्डहरु</u>

**मुल्य श्रृंखलामा आधारित व्यवसायिक फलफूल खेती प्रवर्द्धन कार्यक्रमको लागिः**

१. आँप, लिची, केराको लागीः

- निजीको हकमा न्यूनतम १ बिगहा क्षेत्रफलमा व्यवसायिक रुपमा फलफूल खेती गर्न ईच्छुक ।
- कृषक समूह/कृषि सहकारीको हकमा न्यूनतम १५ बिघा क्षेत्रफलमा व्यवसायिक रुपमा फलफूल खेती गर्न ईच्छुक ।

२. अन्य फलफूलको हकमा न्यूनतम १ बिगहा क्षेत्रफलमा व्यवसायिक रुपमा फलफूल खेती गर्न ईच्छुक ।

**माँगमा आधारित कृषि फार्महरु पुनरर्थापना तथा सुधार कार्यक्रमको लागिः**

- प्राकृतिक प्रकोपबाट हानी नोक्सानी भई क्षति पुगेका कृषि फार्महरु भएको ।
- श्रोत, साधन तथा प्राविधिक कारणबस रुग्न भएका कम्तिमा ५ वर्ष पुराना कृषि फार्महरु भएको ।

**एक जिल्ला एक प्राङ्गारिक मल उत्पादन कार्यक्रमको लागिः**

- कम्तिमा २ टन प्रति दिन प्राङ्गारिक मल उत्पादन गर्ने फार्म/कृषि सहकारी भएको ।

<u>आवश्यक कागजपत्रहरुः</u>

१. कृषि ज्ञान केन्द्रले तोकेको ढाँचामा रु.१० को टिकट टाँस गरी आवेदन दिनु पर्नेछ ।
२. कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फार्म संस्थाहरुले मापदणड अनुसार जग्गाको लालपुर्जा र मालपोत तिरेको रसिदको प्रतिलीपी तथा लिजमा लिएको जग्गाको जग्गा धनि पूर्जा, मालपोत तिरेको रसिद र करारनामा/मन्जुरनामा पत्रको प्रतिलिपीहरु पेश गर्नु पर्ने ।
३. सम्वन्धित वडा कार्यालय वा स्थानिय तहमा रहेको कृषि बिकास शाखाको सिफारीश पत्र पेश गर्नु पर्ने ।
४. कृषकको हकमा नागरिक्ता प्रमाण पत्रको प्रतिलिपी र कृषि सहकारी/कृषि फार्मको हकमा अध्यक्ष, कोषाध्यक्ष र सचिवको नागरिक्ताको प्रतिलिपी।
५. आवेदक कृषक समूह/कृषि सहकारी/कृषि फार्मको हकमा संस्था दर्ता, नविकरण भएको प्रमाण पत्र, स्थायी लेखा नम्वरको प्रमाण, २०८०/०८१ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी र आयोजना प्रस्ताव गर्ने सम्बन्धमा कार्यकारिणी समितिको निर्णयको स्वंयम प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोन न. 033-520605
Mob. 9852880501

# कृषि ज्ञान केन्द्र

## सिरहा

प.सं.२०८१/८२
च.नं.

६. कृषक समूह/कृषि सहकारी/कृषि फार्मको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधिको नागरिक्ता प्रमाण पत्रको प्रतिलिपी र अख्तियारी पत्र ।

<u>अनुदानका शर्तहरु:</u>

**अ) मुल्य श्रृंख्लामा आधारित व्यवसायिक फलफूल खेती प्रवर्द्धन कार्यक्रमको लागिः**

कृषक समुह/कृषि सहकारीको हकमा तल उल्लेखित अनुदान लक्षित कार्यक्रम वर्गिकरण "क", "ख" र "ग" तिनटैमा तथा कृषकको हकमा "क" मा मात्र आवेदन दिन सक्ने छन् ।

क. उत्पादन तथा उत्पादक्तव वृद्धि कार्यक्रम अन्तर्गत उन्नत वीउ, बेर्ना, प्राङ्गारिक मल, कृषि चुन लगायत अन्य, औजार तथा यन्त्र उपकरणहरु, साना सिंचाई व्यवस्थापन र तालिम तथा क्षमता अभिबृद्धि ।

ख. उत्पादनोपरान्त प्रविधि तथा प्रशोधन कार्यक्रमहरु अन्तर्गत हार्भेष्टिङ्ग, ग्रेडिङ्ग, प्याकेजिङ्ग, लेभलिङ्ग, प्रशोधन लगायतका उत्पादनोपरान्त प्रविधि तथा पूर्वाधार निर्माण ।

ग. बजार प्रवर्द्धन कार्यक्रम अन्तर्गत ढुवानीको साधन, संकलन/भण्डारण केन्द्र, कोल्ड च्याम्ब निर्माण, बेईङ्ग/डिजिटल ब्यालेन्स लगायतका यन्त्र उपकरण, डिजिटल मार्केटिङ्ग र सफ्टवेयर ।

**आ) माँगमा आधारित कृषि फार्महरु पुनरर्थापना तथा सुधार कार्यक्रमको लागिः**

- फार्महरुको प्रस्ताव तथा स्थलगत अनुगमनको आधारमा कार्यक्रमको क्रियाकलापहरु तय हुने ।

**इ) एक जिल्ला एक प्राङ्गारिक मल उत्पादन कार्यक्रमको लागिः**

क) उत्पादन तथा उत्पादक्तव वृद्धि कार्यक्रम अन्तर्गत प्राङ्गारिक मल उत्पादन सम्बद्ध यन्त्र उपकरणहरु ।

ख) उत्पादनोपरान्त प्रविधि तथा प्रशोधन कार्यक्रमहरु अन्तर्गत प्याकेजिङ्ग मेसिन, सिविङ्ग मेसिन, एलिभेटर, वेज्ञङ्ग मेसिन लगायत उत्पादनोपरान्त कृषि यन्त्र उपकरणहरु ।

ग) बजार प्रवर्द्धन कार्यक्रम अन्तर्गत डिजिटल मार्केटिङ्ग र सफ्टवेयर को लागि निवेदन दिन सक्ने छन् ।

१. समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायबाट विगत २ वर्षमा अनुदान नलिएको/झुटा बिवरण पेश नगरेको/कुनै बेरुजु वा अनियमिततामा नपरेको/कार्यालयमा खराव आचरण प्रस्तुत नगरेको स्व-घोषणा पत्र ।

२. गत विगत बर्षहरुमा अनुदान नलिएको तथा उन्नत प्रविधि अवलम्वन गरेको, वढी लागत सहभागिता भएको कृषक/कृषक समूह/कृषि सहकारी संस्थाहरुलाई प्राथमिक्ता दिईनेछ ।

३. यस कार्यक्रम अन्तर्गत स्वीकृत वजेट र कार्यक्रम संचालन कार्यविधि परिमार्जन/संशोधन भए अनुसार थप/घट हुनेछ ।

४. अधिकतम अनुदान प्रतिशत कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ मा व्यवस्था भए वमोजिम कायम हुनेछ ।

५. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सुचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

६. बिशेष जानकारीको लागि मो.न. ९८५२८८०५०१, ९८५२८५०६०५ र मो.न.९८५२८८०५०५ मा सम्पर्क गर्न सकिन्छ।

.........................
कृषि ज्ञान केन्द्र, सिरहा

नरेन्द्र कुमार महासेठ
प्रमुख
दशौं तह